निर्णयहरू:-

१. होटलहरूमा तयार गरिएका क्वारेन्टिनहरूमा उद्धार गरिएका नेपालीहरूलाई राख्ने क्रममा स्थानीय बासिन्दाबाट अवरोध आउने गरेको साथै क्वारेन्टिनमा रहेका व्यक्तिहरू पनि आफूखुसी बाहिर जाने आउने, भेट्न आउने व्यक्तिलाई होटलभित्र प्रवेश गराउनुको साथै १/२ दिनमा नै क्वारेन्टिन छाड्ने जस्ता कार्य गर्ने गरेको सन्दर्भमा जिल्लामा स्थापना गरिएका क्वारेन्टिन स्थल तथा होटलहरूसँग समन्वय गरी उचित व्यवस्थापन गर्नुहुन भनी श्री गृह मन्त्रालय, विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाको च.नं. २८६, मिति २०७७-०३-१५ को पत्रबाट लेखी आएको हुँदा जिल्लाभित्र स्थापित क्वारेन्टिन (होटल क्वारेन्टिन समेत) हरूलाई थप व्यवस्थित बनाउने ।

२. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७-०२-२८ को निर्णयानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम सेवा सञ्चालन सम्बन्धी आदेश मिति २०७७-०२-२८ गतेदेखि २१ दिनसम्म रहेकोमा श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ४४७८, मिति २०७७-०३-१६ को पत्रबाट प्राप्त मिति २०७७-०३-१५ को मन्त्रिपरिषद्को बैठकको निर्णयमा उक्त आदेशलाई मिति २०७७ साउन ६ गते मङ्गलबार (तदनुसार २०२० जुलाई २१) मध्यरातसम्मका लागि नेपालभर लागु हुने गरी निरन्तरता दिने भनी उल्लेख भएको हुँदा उक्त आदेशलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

३. हवाईमार्ग वा स्थलमार्गबाट आउने व्यक्तिले आफ्नो घरमा क्वारेन्टिनसरहको सुविधा भएको व्यहोरासहित Home Quarantine मा बस्न अनुरोध गरेमा स्थानीय प्रहरी र वडा समितिको कार्यालयको सिफारिसको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेबमोजिमको Home Quarantine सम्बन्धी मापदण्ड पालना गर्ने गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) ले Home Quarantine मा बस्न अनुमति दिन सक्नेछ भनी मिति २०७७-०३-१५ को नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकबाट निर्णय भएको हुँदा कुनै व्यक्ति Home Quarantine मा बस्न चाहेमा स्थानीय प्रहरी र वडा समितिको कार्यालयको सिफारिस सहित जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मा सिफारिस गर्न सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

४. सलह किराको बथानबाट हुनसक्ने सम्भावित कृषि बाली जोखिमको सम्बन्धमा सहलसँग सम्बन्धित गतिवधिहरू जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर र जिल्ला प्रहरी कार्यालय, मकवानपुरले स्थानीय तहहरूबाट संकलन गरी सो को विवरण दैनिकरूपमा दिनको ३:०० बजेभित्र जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा उपलब्ध गराउने ।

२०७७/३/२८

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी